आज मिति २०७६ साल श्रावण महिनाको २५ गतेका दिन यस सत्यवती गाउँकार्यपलिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा वसी तपशील बमोजिमका निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री पारिश्वर ढकाल

उपाध्यक्ष : श्री शुवर्ण शाही शेरचन

सदस्य : श्री विष्णु प्रसाद भण्डारी

सदस्य : श्री ओम प्रकाश भण्डारी

सदस्य : श्री दान वहादुर राना

सदस्य : श्री हरी प्रसाद वि.क.

सदस्य : श्री रुक वहादुर राना

सदस्य : श्री मीना दमाई

सदस्य : श्री होम वहादुर भुजेल

सदस्य : श्री तेज कुमारी थापा

सदस्य : श्री मनमाया थापा

सदस्य : श्री नरमाया थापा

सदस्य : श्री भीमलाल पाण्डे

सदस्य : श्री दधिराम कुवर क्षेत्री

सदस्य : श्री लोक वहादुर बुढाथोकी

सचिव : श्री नेत्र प्रसाद पाण्डे

सदस्य: सन्त कुमार थापा

**बैठक संख्याः०३/०७६-७७** **मितिः २०७६/०४/२१**

<u>प्रस्तावहरु</u>

**प्रस्ताव नं.१**ः पहिरो पीडित मृतक परिवारलाई आर्थिक सहायता सम्बन्धमा।

**प्रस्ताव नं.२**ः प्राविधिकहरु माग गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.३**ः राहत कोषको रकम खर्च गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.४**ः सिँचाई र खानेपानीको पाइप उपलब्ध गराउने सम्बन्धमा।

**प्रस्ताव नं.५**ः सहयोगी एवम् दाताहरुलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.६**ः क्षतिको विवरण प्रदेश तथा संघीय मन्त्रालयमा पठाउने सम्बन्धमा।

<u>निर्णयहरु</u>

**निर्णय नं.१ः** सत्यवती गाउँपालिकाको वडा नं.३, ४ लगायतका विभिन्न ठाउँमा मिति २०७६/०४/०७ गते गएको पहिरोमा परी मृत्यु हुने व्यक्तिको हकवालालाई विपद व्यवस्थापन कोषबाट प्रतिमृतक रु.२५,०००।०० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.२ः** प्रस्ताव नं.२ माथि छलफल गर्दा सत्यवती गाउँपालिकामा भीषण वर्षासँगै गएको पहिरोमा परी भएको क्षतिको विवरण संकलन गर्ने प्रयोजनको लागि सबैथरि प्राविधिकहरु समेटिएको प्राविधिक टोलीको लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं.३ः** प्रस्ताव नं.३ माथि छलफल गर्दा उक्त पहिरोमा परी बिस्थापित परिवारलाई लक्षित गरी आवश्यक पर्ने खाद्यान्न लगायतका सामाग्रीहरु विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.४ः** प्रस्ताव नं.४ माथि छलफल गर्दा २०७६/०४/०७ गते गएको पहिरोको कारणले वडा नं.१, २, ३, ४ लगायतका स्थानहरुमा व्यापक मात्रामा खानेपानी संरचना एवम् सिँचाई संरचनामा क्षति

पुर्याएको कारण सुरक्षित खानेपानी सेवन गर्नबाट उपभोक्ताहरु बञ्चित हुने अवस्था आएको र खेती बारीमा सिँचाईको अभावका कारण बालीनालीमा गम्भीर असर परी खाद्यान्न सङ्कट र ठूलो आर्थिक क्षति आउन सक्ने अवस्था देखिएकाले पीडत व्यक्तिको निवेदन, वडा कार्यालयको सिफारीस र प्राविधिक इस्टिमेटका आधारमा विपद व्यवस्थापन कोषबाट खर्च लेखिने गरी सोझै पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.५ः** प्रस्ताव नं.५ माथि छलफल गर्दा मिति २०७६/०४/०७ गते गएको भीषण पहिरोको कारणले भएको जनधनको क्षतिपश्चात उद्धार, राहत संकलन लगायतका आर्थिक र भौतिक सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि,  कर्मचारी, विभिन्न सरकारी कार्यालयहरु, संघ-संस्था, सुरक्षा निकाय, विभिन्न संघ-संस्था, स्थानीय जन समुदाय लगायत सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं.६ः** प्रस्ताव नं.६ माथि छलफल गर्दा मिति २०७६/०४/०७ मा गएको पहिरोको कारणले भएको व्यापक जनधनको क्षतिको विवरण तयार गरी आवश्यक सहयोगार्थ प्रदेश सरकार र नेपाल सरकारसमक्ष पठाउने निर्णय गर्दै आजको बैठक यहीं समापन गर्ने निर्णय गरियो।